- कृषि योग्य बाजो जग्गालाई कृषि कार्यमा प्रयोग गर्नको लागी कृषकहरूलाइ अनुदानको ब्यवस्था गर्ने छु।
- कृषि तथा पशु विमालाई प्रोत्साहित गरिने छ ।
- रेशम खेती तथा माछा पालनलाई प्रोत्साहन गर्दै लगिने छ, र रेशम खेती विस्तार गर्न पहल गरिनेछ ।
- अर्गानिक खेतीगर्ने किसानलाई कृषि शाखा मार्फत लागत सहभागिताका आधारमा अनुदान दिईनेछ ।
- विदेशबाट आएका युवाहरूलाई ब्यक्तिगत वा सामुहिक खेति गरेमा प्रदेश सरकार संग समन्वय गरी अनुदानको ब्यवस्था गर्ने छु।

## १.२ स्वास्थ्य तर्फ :-

- स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनकालागि स्वास्थ्य संस्थाहरूको सवलिकरण,क्षमता अभिवृद्धि,स्तरोन्नती गर्दै गढवा स्वास्थ्य चौकी लाई विशेषज्ञ सेवा सहितको अस्पताल बनाउने नीति लिईनेछ ।
- आधारभुत स्वास्थ्य सेवालाई सुनिश्चित गर्दै गढवा स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्न पहल गरिनेछ साथै स्वास्थ्य चौकी नभएका वडाहरूमा स्वास्थ्य चौकी विस्तार गरिनेछ ।
- स्वास्थ्य तथा जनसंख्या मंत्रालयको समन्वयमा स्वास्थ्य चौकी स्थापना नभएका वडाहरूमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ तथा पिछडीएको क्षेत्रहरूमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको नीति अवलम्वन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका,आमा समुहहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन प्रोत्साहनको ब्यवस्था गर्ने छु ।
- गोबरडिहा स्वास्थ्य चौकीमा एम.वि.वि.एस डाक्टरद्वारा सेवा प्रदान ब्यवस्था मिलाउनेछु ।

## १.३ योजना तथा पूर्वाधार :-

- ✓ अधुरा तथा क्रमगत योजनाहरूलाई पहिलो प्राथमिकता दिने छु ।
- ✓ गाउँपालिकाको अल्पकालीन,मध्यकालीन र दीर्घकालीन विकास लक्ष्यहरू सहितको वृहत गुरूयोजना तयार गर्नेछु ।
- ✓ पूर्वाधारतर्फ वडा र गाउँपालिका स्तरमा गौरवका आयोजनाको रूपामा कम्तीमा १/१ वटा योजना संचालन गर्ने छु।
- ✓ कोईलाबास भन्सार नाका संचालनका लागि नेपाल सरकार/प्रदेश सरकार सँगको समन्वयबाट गढवालाई व्यापारीक केन्द्रका रूपमा विकास गर्ने छु।
- ✓ सिचाईको पहुचँ अभिवृद्धि गर्दै कृषिमा आधारित स्थानीय अर्थतन्त्र सवलीकरण गर्ने नीति अवलम्वन गर्ने छु।साथै बड्कापथ सिचाई योजनाको अधुरो कार्य सम्पन्न गर्नको लागी सम्बन्धित निकायमा आवश्यक पहल गर्नेछु ।
- ✓ गढवा क्षेत्रमा आयोजना हुने विभिन्न वृहत कार्यक्रमहरूको सु-संचालन र व्यवस्थापनका लागि आ.व. २०७६।०७७ देखि निर्माण हुन थालेको खेलकुद मैदान निर्माण कार्यलाई प्रदेश सरकार सँग समन्वय गरी पुरा गर्ने छु।
- ✓ युवाहरूलाई प्रोत्साहन गर्न अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- ✓ गढवा गाउँपालिका भित्र नयाँ शहर निर्माण गर्न प्रदेश तथा संघीय सरकार सँग विशेष पहल गरिनेछ ।
- ✓ स्थानीय हस्तकला माटोको भाँडा निर्माण कार्यलाई थप व्यवस्थीत तथा बजारीकरण गर्न उद्योग वाणिज्य संघ सँग समन्वय गरी प्रोत्साहन गर्ने छु।
- ✓ परम्परागत सीप, पेशा भएका जनजातिको संस्कृति परम्परा भेषभुषालाई संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न प्रदेश संगको साझेदारीमा थारू संग्राहलय स्थापना गर्न पहल गर्ने छु।

## १.४.सेवा प्रवाह, सुशासन र संस्थागत विकास :-

- ✓ गा.पा को प्रशासकीय भवन, वडा कार्यालय भवननिर्माण तथा संचार, विधुत आदिको पहुँच सवै वडा तहमा विस्तार गरी उचित कार्य वातावरणमा मुस्कान सहितको सेवा प्रवाहमा जोड दिनेछु ।

## २.गाउँपालिकामा हाल सम्म भएका भौतिक प्रगति विवरण

- लमही–कोइलाबास सडक कालोपत्रे कार्यका लागी आवश्यक समन्वय र सहकार्य गरेको ।
- कालाकाटे हुलाकि सडक कालोपत्रेको लागी आवश्यक पहल भएको ।
- गाउँपालिका प्रशासकिय भवन लगायत वडा नं ३ र ७ सम्पन्न भएको र वडा नं १ र ५ निमार्ण कार्य भइरहेको ।
- यस गा.पा अन्तर्गत विभिन्न स्थानमा पक्की नाला बाटो कालोपत्रे कार्य भएको ।
- सर्पदंसको भवन र आर्मी क्वाटर भवनको काम सम्पन्न भएको ।
- वार्ड नं ४ को उठैया देखी कक्रहवा सडक कालोपत्रेको लागी बहुबर्षीय ठेक्का भएको ।
- वडा नं ६ बुद्धज्योति चोक देखी थान देऊखर आटिपाकर हुदै राप्ति पुल जोड्ने बाटो सगन सहरी कार्यक्रम अन्तरगत भवन डिभिजन कार्यालय बाट टेण्डर भएको ।
- वडा नं ५ मगरी देखी लोखरपुर धर्मपुर जोड्ने बाटो सगन सहरी कार्यक्रम अन्तरगत भवन डिभिजन कार्यालय बाट टेण्डर भएको ।
- वडा नं १ जुरौनि देखी चिसापानी हुदै धानखोला जोड्ने बाटो सहरी विकास अन्तर्गत टेण्डर भएको ।
- वडा नं २ को चिमचिमे सम्म विधुत लाइन विस्तार भएको ।
- वडा नं ८ मुसीनाकामा विधुत लाइन विस्तार भएको ।
- प्रत्येक वडाहरूमा यस आ.व मा पक्की नाला बाटो ग्राभेल, कालोपत्रे कार्य भएको ।
- सामुदायिक महिलाहरूको लागी महिला भवन निमार्म कार्य भएको ।
- मा.वि गोबरडिहा, मा.वि पचहिया, मा.वि जनतामा भौतिक निमार्ण तथा मर्मत कार्य भएको ।
- वडा नं ३ मा गाउँपालिका स्तरीय खेलकुद मैदान निमार्ण कार्य भैरहेको ।
- कालाकाटे मा.वि , पचहिया मा.वि, मानपुर मा.वि मा कम्पाउण्ड वाल निमार्ण कार्य भएको ।
- गढवा गा.पा को प्रत्येक वडाहरूमा खानेपानीका योजनाहरू प्रदेश सरकार संग समन्वय गरी खानेपानी योजनाहरू संचालन भैरहेको ।
- विपद ब्यवथापनको लागी गढवा गा.पा बाट दमकल खरीद गरी प्रयोगमा आएको ।
- विपद ब्यवथापनको लागी रेडक्रस संग समन्वय गरी विपद ब्यवथापन सम्बन्धि कार्यहरू भैरहेको।
- प्रत्येक वडाहरूको लागी प्राविधिक जनशक्तिहरूको पदपूर्ति भएको ।
- सूचना प्रविधि मैत्री वडा बनाउने कार्य भैरहेको ।

